

## कानुनी सहायता विभागको ठेगाना र कार्यालय समय

### देवानी कानुनी सहायता आवेदन

**हङकङ कार्यालयः**

25/एफ क्विन्सवे गभर्मेन्ट अफिसेज, 66 क्विन्सवे,
हङकङ (फोनः 2537-7661)

**काउलुन कार्यालयः**

3/एफ मोन्गकोक गभर्मेन्ट अफिसेज, 30 लुएन वान स्ट्रिट,
मोन्गकोक, काउलुन (फोनः 2380-0117)

**कार्यालय समयः**

| | |
|---|---|
| सोमबारदेखि शुबबार | बिहान 8:45 देखि दिउँसो 1:00 सम्म |
| | दिउँसो 2:00 देखि अपराह्न 5:15 सम्म |
| शनिबार | बिहान 9:00 देखि मध्याह्न 12:00 सम्म |

### फौजदारी कानुनी सहायता आवेदन

25/एफ क्विन्सवे गभर्मेन्ट अफिसेज, 66 क्विन्सवे,
हङकङ (फोनः 2537-7738)

**कार्यालय समयः**

| | |
|---|---|
| सोमबारदेखि बिहीबार | बिहान 8:45 देखि दिउँसो 1:00 सम्म |
| | दिउँसो 2:00 देखि अपराह्न 5:45 सम्म |
| शुबबार | बिहान 8:30 देखि दिउँसो 1:00 सम्म |
| | दिउँसो 2:00 देखि साँझ 6:00 सम्म |

11/2012

# हङकङमा कानुनी सहायता सेवा

(Nepali Version)

法律援助署



## कानुनी सहायता

अदालती प्रबियामा  आफ्नो प्रतिनिधित्वका लागि वकिलहरुको शुल्क भुक्तान गर्न नसक्ने मानिसहरुलाई कानुनी सहायताले सहयोग गर्छ।

## कानुनी सहायता विभाग

कानुनी सहायता विभाग (विभाग) ले अदालती प्रबियामा आफ्नो पक्षमा बहस गराउन चाहने हङकङभित्रका जोकोहीलाई पनि सहयोग गर्छ, चाहे त्यो देवानी मुद्दा होस् वा फौजदारी। यदि कुनै व्यक्तिको आम्दानी निश्चित सीमाभित्र रहेको छ र उसैस पयप्ति कारण छ भने उ कानुनी सहायताका लागि योग्य हुन्छ।

कानुनी सहायताका लागि आवेदन दिनका लागि कुनै शुल्क लाग्दैन। यदि कानुनी सहायता प्रदान गरियो भने विभागले सहयोग पाउने व्यक्तिको मुद्दाका लागि एउटा वकीलको व्यवस्था गर्नेछ।

## देवानी कानुनी सहयोग

जिल्ला अदालत, कोर्ट अफ फर्स्ट इन्सटेन्स, पुनरावेदन अदालत र कोर्ट अफ फाईनल अपीलका पक्रियाका लागि कानुनी सहयोग उपलब्ध हुन्छ। मुद्दाहरुमा सम्बन्ध विच्छेद र पारिवारिक विवाद, व्यक्तिगत घाइते दावी (उदाहरणका लागि काममा वा सडकमा शाफिक दुर्घटनामा घाइते भएर गरिने दावी), रोजगार विवाद, पारिश्रमिक दावी र अध्यागमन सम्बन्धी लगायत पर्छन्।

## अनुवाद सहायता

यदि कुनै आवेदक चनियाँ वा अङ्ग्रेजी बोलदैन साथै निःशुलक उलथा गने कोही आफनत वा साथीहरू पनि छैनन् भने, विभागद्वारा दोभाषे उपलबध गराइनेछ। तपाईं पहिलो पटक विभागमा आउँदा कुनै कर्मचारीसँग यसको अनुरोध गरनुहोस्।

## फौजदारी कानुनी सहयोग

फौजदारी कानुनी सहयोगले जिल्ला अदालत, कोर्ट अफ फर्स्ट इन्सटेन्सका हुने सबै फौजदारी मुद्दाहरु पुनरावेदन अदालत र कोर्ट अफ फाइनल अपीलमा सुनुवाई हुने सबै अपीलहरुका लागि सहयोग गर्छ।

## कानुनी सहयोग निःशुल्क नहुन सक्छ

कानुनी सहयोग सरकारी कोषबाट सञ्चालित छ र यो निःशुल्क नहुन सक्छ। कानुनी सहयोगका लागि योग्य आवेदकहरुले कानुनी सहयोग प्राप्त भइसकेपछि उनीहरुको आर्थिक स्थिति अनुसार केही योगदान भुक्तान गर्नुपर्ने हुनसक्छ।

कानुनी सहायता प्राप्त गर्ने व्यक्तिले मुद्दाको पक्रियाबाट पैसा/सम्पति प्राप्त गर्‍यो भने वा कायम राख्न सफल भयो भने सम्पूर्ण वा केही अंश कानुनी खर्च भुक्तान गर्नुपर्नेछ।

## कानुनी सहायताका लागि कसरी आवेदन गर्ने

देवानी वा फौजदारी कानुनी सहायता प्राप्त गर्न चाहने व्यक्तिले विभागका कार्यालहरुमा उपस्थित हुनुपर्छ।

यदि देवानी कानुनी सहायताका लागि आवेदन दिन चाहने व्यक्ति १८ वर्षमुनिको वा मानसिक रुपमा असक्षम छ भने आवेदकले आफ्नो तर्फबाट कुनै वयस्कमार्फत् आवेदन दिन सक्नेछ।

Published by the Legal Aid Department
Printed by the Government Logistics Department